अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग -२ सँग सम्वन्धित)

# आठराई गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ५** **संख्या १** **मितिः २०७८।०३।१३**

**भाग ३**

आठराई गाउँपालिका

तेह्रथुम

१ नं. प्रदेश

## आठराई गाउँपालिका भित्रका सामुदायिक बिद्यालय तथा क्याम्पसहरुमा शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७७

## आठराई गाँउपालिका भित्रका सामुदायिक बिद्यालय तथा क्याम्पसहरुमा "शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७७"

स्वीकृत मितिः२०७७/०९/२९

प्रस्तावनाः- आठराई गाउपालिका भित्रका सामुदायिक विद्यालय तथा क्याम्पसहरुमा शिक्षकहरुको दरबन्दी कायम हुन नसक्दा शिक्षाको गुणस्तर बृद्धीमा समस्या पर्न जाने भएकोले गाउँपालिकाबाट अनुदान तथा अक्षय कोष स्थापना गरी सोको परिपुर्ति गरी शैक्षिक गुणस्तरलाई उच्च बनाई शिक्षण सिकाइलाई प्रभावकारी बनाउन बान्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी आठराई गाउँपालिकाले यो कार्यबिधी बनाई गाउँपालिका क्षेत्रभित्र लागु गरेको छ ।

परिच्छेद - १

(१) संक्षिप्त नाम र प्रारम्भः-

क) यस कार्यबिधीको नाम आठराई गाउपालिका भित्रका सामुदायिक बिद्यालय तथा क्याम्पसहरुमा शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७७ रहेको छ ।

ख) यो कार्यबिधी गाउँ सभाबाट पारित भएको मितिबाट आठराई गाउँपालिकामा लागु हुनेछ ।

(२) परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा

(क) "कार्यबिधी' भन्नाले सामुदायिक बिद्यालय तथा क्याम्पसहरुमा शैक्षिक अनुदान तथा अक्षय कोष स्थापना सम्बन्धी कार्यबिधी २०७७ लाई सम्झनु पर्दछ ।

(ख) "शैक्षिक अनुदान सहायता' सामुदायिक बिद्यालय तथा क्याम्पसहरुमा शैक्षिक गुणस्तर सुधार गर्न यस गाउँपालिकाद्वारा आफ्नो भौगोलिक क्षेत्रभित्रका शैक्षिक संस्थामा नियुक्ती प्राप्त शैक्षिक जनशक्ति/शिक्षकहरुलाई तलब भत्ता बापत गाउँपालिकाबाट उपलब्ध गराइने रकमलाई सम्झनु पर्दछ ।

ग) अक्षय कोष भन्नाले यस गाउँपालिकावाट अक्षय कोष स्थापनार्थ प्रदान गरिएको रकम तथा सो प्रयोजनका लागि अन्य स्रोतवाट प्राप्त रकमलाई सम्झनुपर्दछ ।

(घ) "शैक्षिक संस्था' भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई आठराई गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका पूर्व प्राथमिक विद्यालय, आधारभुत विद्यालय, माध्यमिक विद्यालय र सामुदायिक क्याम्पस समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सामुदायिक क्याम्पस' भन्नाले मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस वा शैक्षिक गुठीको रुपमा स्थापना भई सञ्चालनमा रहेका क्याम्पसहरुलाई सम्झनु पर्दछ ।

(च) "प्रधानाध्यापक' भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरुको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख अध्यापक सम्झनु पर्दछ ।

(छ) क्याम्पस प्रमुख' भन्नाले कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरुको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख व्यक्तिलाई सम्झनु पर्दछ ।

(ज) थप परिभाषा नेपाल सरकार, प्रदेश सरकार १ नं. प्रदेश र आठराई गाउँपालिकाद्वारा जारी भएको आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७५(संसोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ ।

<u>परिच्छेद - २</u>

**अनुदान सहायता सम्बन्धी ब्यबस्था**

(३) अनुदान सहायता गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयहरुमा हाल सञ्चालनमा रहेको अंग्रेजी मातृभाषा एव विदेशी भाषा प्राविधिक विषय विषयविज्ञ आदि अध्यापन गराउने र परामर्श दिने जनशक्ति शिक्षक, सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी कायम भई नसकेको अबस्थामा सो विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न नियमित कार्यरत जनशक्ति शिक्षक र सामुदायिक क्याम्पसहरुमा शैक्षिक गुणस्तर कायम गर्न उपलब्ध जनशक्ति शिक्षकहरु रहेको सामुदायिक क्याम्पसहरुमा आबस्यक्ता अनुसार मात्र उपलब्ध्‍ध गराइनेछ ।

(४) अनुदान प्राप्त विद्यालय र क्याम्पसहरुले करार सेवामा जनशक्ति नियुक्त गर्नु पर्नेछ ।

(५) अनुदान सहायता माग गर्ने शैक्षिक संस्थाले ब्यबस्थापन समितिबाट निर्णय गरी प्रमाणित प्रतिलिपी राखी माग गरिएको शिक्षक, तह र बिषय समेत खुलाई गाउँपालिका समक्ष माग पत्र पेश गर्नु पर्नेछ ।

(६) अनुदान सहायता माग भई आएका शैक्षिक संस्थाहरुको आबश्यकता र औचित्य समेतको छानविन गरी आबश्यक देखिएमा सम्बन्धित शैक्षिक संस्थाहरुलाई गाउँपालिकाले अनुदान सहायता रकम प्रकृया पुर्याई विद्यालयको खातामा निकासा गराउने छ ।

(७) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिको करार अवधी शुरुमा एक बर्षको हुनेछ त्यसपछि कार्य सम्पादन मुल्याङ्कन, पेशागत निष्ठा र अनुशासन समेतको आधारमा कार्य अवधी थप गर्न सकिनेछ ।

(८) अनुदान सहायतामा शैक्षिक जनशक्ति नियुक्ति गर्दा कम्तिमा १५ दिन अवधीको विज्ञापन प्रकाशित गरी प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्त गरिनेछ ।

(९) शैक्षिक संस्थामा हाल निजी श्रोतमा कार्यरत शिक्षक जनशक्तिहरुको हकमा कार्य सम्पादन मुल्याङ्कन, पेशागत निष्ठा र अनुशासन समेतलाई दृष्टिगत गरी मौखिक अन्तरवार्ताको माध्यमबाट छनौट गर्न सकिनेछ ।

(१०) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिको तलब भत्ता र अन्य सेवा सुविधा प्रचलित कानून बमोजिम गाउँपालिकाबाट निकाशा गरिनेछ ।

(११) गाउँपालिकाबाट निकासा प्राप्त अनुदान सहायता बापतको रकम सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खातामा जम्मा गरी वा नगदै भुक्तानी दिई हिसाब दुरुस्त राख्नु पर्नेछ।

(१२) यस कार्यविधि अनुसार विद्यालय तथा सामुदायिक क्याम्पसहरुमा गाउँपालिकाद्वारा अक्षय कोष स्थापना गर्न सकिनेछ । सो अक्षय कोषको स्थापना तथा सञ्चालन निम्न अनुसार हुनेछ ।

क) अक्षय कोषको रकम सम्वन्धित विद्यालय वा सामुदायिक क्याम्पस र गाउँपालिकाको दोहोरो समझदारीवाट प्रयोग हुनेछ ।

ख) अक्षय कोषमा जम्मा भएको रकम प्रचलित कानुन वमोजिम ब्याज जम्मा गरि सो मात्र खर्च गर्न पाइनेछ ।

ग) आएको ब्याजको १० प्रतिसत रकम अक्षय कोषमानै हरेक वर्ष जम्मा गर्नु पर्ने छ ।

घ) अक्षय कोषको रकम प्राप्त गर्न सम्वन्धित सामुदायिक क्याम्पस तथा विद्यालयले सो रकमको प्रयोग सम्वन्धि प्रस्तावना पेश गर्नुपर्नेछ । उक्त प्रस्तावना मनासिब ठहरिएमा कार्यपालिकाले निर्णय गरि अक्षय कोष प्रदान गर्नेछ ।

ङ) अक्षय कोषमा गाउँपालिकाले दिएको रकम पुन फिर्ता हुने छैन ।

च) विद्यालयका प्रधानाध्यापक, क्याम्पस प्रमुख वा लेखापाल आदीवाट अक्षय कोषको रकम हिनामिना गरेमा सार्वजनिक सम्पत्ति हिनामिना गरे सरह असुल उपर गरिनेछ ।

मानबहादुर लिम्बु
अध्यक्ष

परिच्छेद - ३

**अनुदान सहायता सम्बन्धीको शैक्षिक जनशक्ति छनौट प्रकृया**

(१३) अनुदान सहायता सम्बन्धीको शैक्षिक जनशक्ति छनौट तथा सिफारिस समितिः शैक्षिक जनशक्ति छनौट गर्ने प्रयोनजनार्थ देहायका ५ सदस्यीय छनौट तथा सिफारिस समिति रहनेछ ।

(क गाउँपालिका अध्यक्ष — संयोजक

(ख) सम्बन्धित विषयको विषय विज्ञ उक जना — सदस्य

(ग) सम्बन्धित विद्यालयको वि.व्य.स. अध्यक्ष — सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य

(ङ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(१४) शैक्षिक जनशक्ति छनौट तथा सिफारिस समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछनः-

(क) अनुदान सहायता सम्बन्धीको शैक्षिक जनशक्ति पदपुर्तीका लागि विज्ञापन गर्ने ।

(ख) शैक्षिक जनशक्ति पदपुर्तीका लागि आबस्यक शैक्षिक योग्यता, अनुभब सहितको कागजात माग गर्ने गराउने ।

(ग) आवस्यक निर्णय गरी लिखित वा मौखिक वा दुबै प्रकारको परिक्षा लिने ।

(घ) परिक्षाको मर्यादा एबं गोपनियतालाई कायम राखी परिक्षाको प्रश्नपत्र तयार गर्ने र उत्तर पुस्तिका जाँच गरी नतिजा प्रकाशन गर्ने ।

(ङ) प्रतिपस्पर्धाको आधारमा योग्य र दक्ष शिक्षक छनौट गरी नियुक्तिको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

(च) शैक्षिक जनशक्ति छनौट प्रकृयामा गाउँ कार्यपालिकाबाट तोकेको अन्य कार्य गर्ने ।

परिच्छेद - ४

**शैक्षिक जनशक्तिको प्रोत्साहन भत्ता सम्बन्धि ब्यबस्था**

(१५) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अनुदानमा कार्यरत शैक्षिक जनशक्तिलाई नेपाल सरकारबाट उपलब्ध गराइने सेवा सुबिधा सरह नै सेवा सुविधा उपलब्ध हुने र थप प्रोत्साहन भत्ता समेत उपलब्ध गराउन बाधा पर्ने छैन, यस्तो प्रोत्साहन भत्ता मासिक तलबको १५% भन्दा बढी हुने गरी गाउँपालिकाले निर्णय गर्ने छैन।

मानबहादुर लिम्बु
अध्यक्ष

(१६) प्रोत्साहन भत्ता लिने जुनसुकै शैक्षिक जनशक्तिले प्रधानाध्यापक तथा क्याम्पस प्रमुखको मातहतमा रही पुरै समय काम गर्नु पर्नेछ । यसरी तोकिएको पुरै विद्यालय समयसम्म काम गर्न नसक्ने शैक्षिक जनशक्तिलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने छैन ।

(१७) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिले प्राप्त गरेको सेवा सुबिधा र पारिश्रमिक बापतको आर्थिक कारोबारको हिसाब किताब दुरुस्त राखी प्रचलित कानून बमोजिम सम्बन्धित विद्यालयले लेखा परिक्षण गराउनु पर्नेछ ।

(१८) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिले यस कार्यबिधीमा तोकिए बमोजिम कार्य गरे नगरेको बिषयमा विद्यालय ब्यबस्थापन समिति, गाउँ शिक्षा शाखा तथा गाउँ कार्यपालिकाबाट अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

परिच्छेद - ५

विविध

(१९) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकले नियुक्ती पाएको विद्यालयमा बिशेष परिस्थिती (अनुदान रोक्का तथा मृत्यु) बाहेक अनिबार्य एक शैक्षिकसत्र कार्य गर्नु पर्नेछ सो बाहेक पद छोड्न चाहेमा कम्तिमा ३० दिन अगावै सम्बन्धित विद्यालयको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख समक्ष लिखित जानकारी दिनु पर्नेछ । लिखित जानकारी भएको बिबरण प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुखले यथासिघ्र गाउँपालिकामा दिनु पर्नेछ ।

(२०) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकको कार्यसम्पादन सन्तोषजनक नभएमा वा अनुशासन उल्लंघन गरेमा वा नैतिक पतन हुने कुनै कार्य गरेको पुष्टी भएमा वा प्रचलित कानूनले निषेध गरेको कुनै कार्य गरे गराएको ठहरेमा गाउँपालिकाको निर्णयबाट निजसँगको करार सम्झौता भंग गरी पदबाट हटाउन सकिनेछ तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका भने प्रदान गरिनेछ ।

(२१) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकलाई परेको समस्या र सुनुवाई सम्बन्धी ब्यबस्था निम्नानुसार रहेको छः

(क) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकलाई कार्य सम्पादनको सिलसिलामा कुनै समस्या भएमा सम्बन्धित विद्यालयको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख समक्ष लिखित रुपमा निवेदन दिन सक्नेछ र सो निवेदन उपर विद्यालयको प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुखले बढीमा ७ दिनभित्र सुनुवाई गर्नु पर्नेछ ।

(ख)माथि (क) मा उल्लेखित समयसिमाभित्र प्रशासकीय जिम्मेवारी प्राप्त प्रमुख समक्ष पेश भएको निवेदन उपर सुनुवाई नभएमा अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकले गाउँपालिका समक्ष लिखित रुपमा निवेदन दिन सक्नेछ र सो निवेदन उपर गाउँपालिकाले बढीमा १५ दिनभित्र सुनुवाई गर्नु पर्नेछ ।

(२२) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकको काम, कर्तब्य र अधिकार तथा सेवा सुबिधा र सर्त नेपाल सरकार, प्रदेश सरकार १ नं. प्रदेश, गाउँपालिकाले जारी गरेको आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७५(संसोधन सहित) तथा यस कार्यबिधीमा उल्लेख भए देखी बाहेक करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२३) खारेजी र बचाउः यो कार्यबिधी लागु हुनु पुर्व शैक्षिक अनुदान सहायता सम्बन्धि भए गरेका अन्य कार्यहरु यसै कार्यबिधी बमोजिम भएको मानिने छ ।

(२४) सर्वाधिकार : यस शैक्षिक अनुदान सम्वन्ध कार्यविधिको सर्वाधिकार यस गाउँकार्यपालिकामा निहित हुनेछ ।

मानबहादुर लिम्बु
अध्यक्ष